# दक्षिणकाली नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं. ०१-४७१००२८


प.सं. : २०८०/०८१
च.नं. : 313

मिति : २०८०/०५/११

विषयः सहकारी संस्थाको ऋणी शेयर सदस्यहरुलाई ऋण चुक्ता गर्ने बारेको सूचना ।

दक्षिणकाली नगरपालिकाभित्र रहेका सहकारी संस्थाबाट ऋण लिई तोकिएको समयभित्र ऋणको सावाँ ब्याज चुक्ता नगर्ने सदस्यहरुलाई संस्थाले एकपटक ऋण चुक्ताको लागि ताकेता गर्दा पनि अटेर गरी ऋणको सावाँ ब्याज नतिर्दा संस्थामा बचतकर्ता शेयर सदस्यहरुको रकम फिर्ता गर्न केहि सहकारी संस्थाहरुलाई समस्या परेको पाईएको छ । सदस्यहरुले बचत गरेको रकमबाट नै सदस्यहरुलाई कर्जा प्रवाह गरिने हुँदा ऋणी सदस्यहरुले आफुले लिएको सावाँ ब्याज समयमा नै नबुझाउँदा संस्थामा स्वभाविक रुपमा समस्या आउँछ ।हाल केहि व्यक्तिहरुबाट समाजमा सहकारीको ऋण नतिरे पनि हुन्छ भन्ने जस्ता गैरजिम्मेवार अभिव्यक्तिहरुसमेत सुनिन आएको छ, जुन कुरा स्वयं ऋणीहरुलाई प्रत्युत्पादक हुन आउछ । ऋण लिए पछि तिर्नु पर्दैन भन्ने कुरा नेपालको प्रचलित ऐन कानून बिपरीत हुन्छ ।

दक्षिणकाली नगरपालिकाको सहकारी ऐन, २०७५ को दफा ५८ मा ऋण असूल गर्ने सम्बन्धी व्यवस्था, दफा ६१ मा कसैले संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी बाँकी राखेमा त्यस्तो रकम र सोको ब्याज समेत दर्ता गर्ने अधिकारीले त्यस्तो व्यक्तिको जायजेथाबाट असुल उपर गरिदिन सक्नेछ भन्ने व्यवस्था छ भने दफा ६२ मा दर्ता गर्ने अधिकारीले दफा ५८ र ६१ को प्रयोजनको लागि कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्रि गर्न नपाउने गरी रोक्का राख्न सम्बन्धित निकायमा लेखि पठाउन सक्नेछ भन्ने व्यवस्था समेत भएको हुँदा ऋणीले संस्थामा जे जस्तो सम्झौता, शर्त वा कबुलियत गरी ऋण लिएको हो सोही बमोजिम समयमै आफूले लिएको ऋणको साँवा ब्याज रकम दाखिला गरी सहकारीमा देखिएको समस्या समाधानको लागि सहयोग गरिदिनुँ हुन सबै ऋणी सदस्यहरुलाई सूचित गरिन्छ ।

..................

(मधु अर्याल खनाल)
प्रमुख प्रशासकीय अधिकृत